मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : ६० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ माघ ४ गते आइतवार (Sunday, January 17. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

**पदभार ग्रहण:** वीरता लेडी जेसीज २०२१की अध्यक्ष स्वस्तिका आचार्यद्वारा पदभार ग्रहण: पृष्ठ ४मा



# सरकारबिरुद्ध कांग्रेस कठोर बन्दै




**बिर्तामोड, माघ ३।** पुस ५ गते प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले प्रतिनिधि सभा विघटन गरेपछि आन्दोलित बनेको नेपाली कांग्रेसले शनिवार बिर्तामोडमा राँके जुलुस प्रदर्शन गरेको छ ।

प्रदर्शनका क्रममा प्रहरीले हस्तक्षेप गरेको भन्दै प्रहरीविरुद्ध नै चर्को नारावाजी भएको थियो । प्रधानमन्त्री ओलीले चालेको कदम असंवैधानिक भएको भन्दै प्रदर्शनमा उत्रिएको कांग्रेसको शान्तिपूर्ण आन्दोलनमा प्रहरी हस्तक्षेप भएको भन्दै केही बेर तनाव सृजना भएको थियो । बिर्तामोडस्थित पुरानो भद्रपुर रोडबाट निकालिएको राँके जुलुस बिर्तामोडस्थित मुक्तिचौकमा आएर सभामा परिणत भएको थियो ।

सभामा नेपाली कांग्रेसका बिर्तामोड नगरसभापति भोजराज सिटौला, नेपाली कांग्रेसका प्रचार बिभाग प्रमुख कृष्ण हुमागाँई लगायतले सरकारले असंवैधानिक कदम चालेको भन्दै कडा शव्दमा भर्त्सना गरेका थिए । पार्टीका नगर उपाध्यक्ष लक्ष्मी आचार्यले कार्यक्रम सञ्चालन गरेका थिए ।

उता नेपाली कांग्रेसको केन्द्रीय कार्यक्रम अन्तर्गत देशभरका सबै स्थानीय तहमा विरोध प्रदर्शन गरिएको थियो । पूर्वनिर्धारित कार्यक्रम अनुसार प्रतिनिधिसभा विघटनविरुद्ध कांग्रेसले देशभरका ७ सय ५३ स्थानीय तहमा सिटी फुकेर प्रदर्शन गरेको हो ।

कांग्रेस सभापति शेरबहादुर देउवाले सरकारको विरोध प्रदर्शनमा सहभागी हुन सबै नेता कार्यकर्तालाई आव्हान गरेपछि नेपाली कांग्रेसका नेता तथा कार्यकर्ताले झापाका १५ वटै स्थानीय तहमा बिरोध प्रदर्शन गरेका हुन् ।

नेपाली कांग्रेस बाह्रदशीले पनि बाह्रदशी गाउँपालिकामा बिरोध प्रदर्शन गरेको छ । गाउँपालिका परिसरमा नेपाली कांग्रेसले सिटी जुलुस निकालेर प्रदर्शन गरेको हो । बाह्रदशी गाउँपालिका सभापति ओमप्रकाश गौतमको अगुवाइमा निकालिएको बिरोधसभामा गाउँपालिकाका अध्यक्ष तथा पार्टीका महाधिवेशन प्रतिनिधि खड्गप्रसाद राजवंशीले बोलेका थिए । कार्यक्रममा पार्टीका जिल्ला सदस्य तथा पर्यटन विभाग प्रमुख रामप्रसाद दुलालले स्वागत गरेको नेपाली कांग्रेस पर्यटन बिभाग जिल्ला सदस्य लक्ष्मी निरौला अधिकारीले जानकारी दिइन् ।

उता सरकारको असंबैधानिक कदमबिरुद्ध नेपाली कांग्रेसले प्रधानमन्त्री केपी शर्मा ओलीको गृह नगर दमकमा प्रतिकात्मक रेलसहित प्रदर्शन गरेको छ ।

कांग्रेस दमक नगर समितिको आयोजनामा भएको बिरोध र्‍यालीमा प्रधानमन्त्रीले रेल र पानीजहाज ल्याउने ठूला - ठूला कुरा गरेर चुनाव जितेको तर अहिले भ्रष्टाचारी र कालोबजारीहरुको संरक्षणमा लागी नागरिकलाई आहत तुल्याएको भन्दै प्रतिकात्मक रेलको प्रदर्शन गरिएको थियो ।

सिटी रिक्सालाई रेलको प्रतिक बनाई गरिएको प्रदर्शनमा नेता कार्यकर्ता, भातृसंगठन र शुभेच्छुकहरुको उल्लेख्य उपस्थिति रहेको थियो । प्रदर्शनपछि दमक चोकमा आयोजित बिरोधसभालाई सम्बोधन गर्दै वक्ताहरुले ओली नेतृत्वको वर्तमान कम्युनिष्ट सरकार एकपछि अर्को असंबैधानिक कदम चाल्न उद्धत रहेकाले जनताका अधिकार कुण्ठित हुनुका साथै लोकतान्त्रिक व्यवस्था खतरामा पर्दै गएको टिप्पणी गरे । सभामा नेपाली कांग्रेसका युवा नेता तथा नेपाल तरुण दलका पूर्वउपाध्यक्ष मेदनीप्रसाद सिटौलाले ओली नेतृत्वको वर्तमान सरकारले संविधानमा नभएको अधिकार प्रयोग गरेर व्यवस्थापिका संसदको असमयमै अवसान गराएको आरोप लगाए ।

कांग्रेस झापाका पूर्वसभापति पूर्णानन्द शर्माको प्रमुख आतिथ्यमा भएको सभामा कांग्रेस विधि र नीतिमा अडिग रहेको नेता शर्माले बताए । सो अवसरमा कांग्रेस झापा क्षेत्र नं. ५का सभापति ढुण्डीराज भण्डारी, महाधिवेशन प्रतिनिधि रेगिना भट्टराई, नगर सभापति रोशन विष्टलगायतले पनि बोलेका थिए । यसअघि गत पुस २५ गते दमक कांग्रेसले बयलगाडासहित बिरोध प्रदर्शन गरेको थियो ।

**(बाँकी अन्तिम पृष्ठमा)**

## ‘निर्वाचनबाट किन डराउने ?’



**झापा, माघ ३।** प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली जनताको लामो संघर्षबाट प्राप्त गणतन्त्रलाई कसैको इशारा वा कसैको निजी स्वार्थका लागि प्रतिगमनतर्फ जान नदिइने बताएका छन् ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को प्रदेश नं. १ को शनिवार काठमाडौँमा उपलब्ध कार्यकर्ता भेलालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले सुशासन र विकासका प्रयास भइरहेका बेला कोरोना महामारी र सत्तारुढ दलभित्रको विवादले केही प्रतिकूलता सिर्जना गरे पनि यसलाई चिर्दै सरकार अघि बढेको स्पष्ट गरे ।

आफूमाथि ‘हँसाउने कुरा मात्रै गरेको’ भन्ने टिप्पणीतर्फ संकेत गर्दै उनले आफूहरुले अहिलेसम्म दुनियाँ रुवाएर, मान्छे मारेर वा लुटपाट गरेर कसैलाई नरुवाएको उल्लेख गर्दै उनले भने- मैले हँसाएँ भनेर किन पिर ? नेपाली जनता खुशी हुँदा, हाँस्दा किन

**(बाँकी अन्तिम पृष्ठमा)**

# भाक्कालाई राष्ट्रियकरण गर्न छलफल शुरु




**बिर्तामोड, माघ ३।** कोचिला गाभुर फ्रन्टले कोच राजवंशी समुदायको भाक्कालगायतका खाना परिकारको संस्थागत विकासका लागि सरोकारवालासँग छलफल/अन्तरक्रिया थालेको छ ।

गाभुर फ्रन्टको केन्द्रीय समितिले परम्परागत खाना परिकार भाक्कालाई राष्ट्रिय परिकारको रुपमा स्थापित गर्नेगरी विभिन्न पेशाकर्मी, नागरिक समाज, बुद्धिजीवी, सञ्चारकर्मीलगायतसँग छलफल थालेको हो । छलफल/अन्तरक्रियाबाट प्राप्त सुझावका आधारमा कोच राजवंशीको भाक्कालगायत परिकारको विकास र प्रवर्द्धनका लागि नेपाल सरकारसंग अनुरोध गर्ने फ्रन्टका केन्द्रीय अध्यक्ष अभय राजवंशीले जानकारी दिए ।

फ्रन्टले शनिबार दुर्गापुरमा नेपाल पत्रकार महासंघ झापासहित जिल्लाका पत्रकारहरुसंग अन्तरक्रिया गरेको छ । अन्तरक्रियामा बोल्दै पत्रकार महासंघका कार्यबाहक अध्यक्ष एकराज गिरीले गाभुर फ्रन्टले आयोजना गर्दै आएको पुस २९ गतेको राष्ट्रिय भाक्का दिवस कार्यक्रम पश्चात भाक्का आदिवासी राजवंशीको मात्र नभई सबै जाति समुदायको साझा खानाको रुपमा स्थापित भएको धारणा राखे । उनले मुलुकभित्र सम्भवत् खाना परिकारको दिवसका रुपमा भाक्का दिवस पहिलो भएको भन्दै गाभुर फ्रन्टलाई बधाई ज्ञापन गरे ।

महासंघका पूर्व केन्द्रीय सदस्य मोहन काजीले भाक्काको संरक्षण र प्रवर्द्धनमा राजवंशी युवा जुटेकोमा खुशी व्यक्त गरे । उनले भाक्का परिकारको इतिहास खोज गरी थप परिस्कृत गर्नुपर्ने सुझाव राखे । ‘राजवंशी जातिमा धेरै विषयको खोज अनुसन्धान हुन जरुरी छ । त्यसमध्ये एउटा भाक्का पनि हो’- उनले भने- ‘भाक्काको बर्षौं पुरानो इतिहास खोज गरेर अहिलेको आधुनिकतासँग मेल खाने गरी व्यवसायिकता दिन सक्यौं भने यसले राजवंशी समुदायको आर्थिक पाटोमा ठूलो परिवर्तन ल्याउन सक्छ ।’

पत्रकार महासंघ पूर्व जिल्ला अध्यक्ष भीम नेम्वाङले पुस २९ गतेको भाक्का दिवसलाई सरकारी मान्यता प्रदान गर्नेतर्फ प्रक्रिया थाल्न सुझाव दिए । दिवस मनाउने कार्यक्रमले भाक्कालाई विशेष परिकारको रुपमा स्थापित गरेको उनको भनाइ छ । ‘भाक्का अब हामीले खाने चोक-बजारमा मात्र सीमित रहेन । भाक्का दिवस मनाउन थालेपछि यसको महत्व र प्रचार व्यापक भएको छ । त्यसैले दिवसलाई सरकारी मान्यतासहित अघि बढौं’- उनले भने । तीर्थ सिग्देलले भाक्कालाई एउटा विशेष खाना परिकारको रुपमा व्यवसायिकीकरण गर्न जरुरी रहेको धारणा राखे । उनले त्यसतर्फ राजवंशी समुदायलाई ध्यान दिन आग्रह गरे । सिग्देलले खाना परिकारले त्यहाँको माटो र भूगोल झल्काउने भएकाले भाक्कालाई अन्तर्राष्ट्रिय बजारसम्म विस्तार गर्नुपर्नेमा जोड दिए ।

गीतकार ज्ञानु राजवंशीले राजवंशी समाज विकास समितिले अहिलेसम्म २०/२५औं भाक्का दिवस मनाउनुपर्नेमा त्यस्तो हुन नसकेकोमा दुःख व्यक्त गरे । उनले भने- ‘हाम्रो समाजले अहिलेसम्म कम्तिमा २५औं भाक्का दिवस मनाउनुपर्ने थियो । तर, त्यस्तो अवस्था छैन । गाभुर फ्रन्टले चौथो राष्ट्रिय भाक्का दिवस मनाएर भए पनि हाम्रो समुदाय र हाम्रो खाना परिकारप्रति ठूलो गुन लगाएको छ ।’ राजवंशी समाज विकास समिति झापाका पूर्व जिल्ला अध्यक्ष

**(बाँकी अन्तिम पृष्ठमा)**

# सुखानी पुग्नेलाई थरि-थरिका पोशाक



**अर्जुनधारा, माघ ३।** झापाको अर्जुनधारा-९ स्थित चर्चित पर्यटकीयस्थल सुखानी शहीद स्मृति उद्यानमा पुग्ने आन्तरिक तथा बाह्य पर्यटकहरुलाई लक्षित गरी राष्ट्रिय पोशाकसँगै विभिन्न जातिको पोशाक तथा गहनाहरुको स्टल सञ्चालनमा ल्याइएको छ ।

पर्यटकहरुको मागलाई ध्यानमा राखी सुखानी शहीद स्मृति प्रतिष्ठान र उद्यान व्यवस्थापन समितिको स्वीकृति लिई परीक्षणकोरुपमा उक्त स्टल सञ्चालनमा ल्याइएको सञ्चालक आरके महतराले बताए । प्रारम्भिक लगानी दुई लाख ५० हजार रुपैयाँको लागतमा सञ्चालक महतरा र राज सुब्बाको संयुक्त प्रयासमा स्टल सञ्चालनमा ल्याइएको हो । स्टलमा राष्ट्रिय पोशाकसँगै गुरुङ, तामाङ, थारु, नेवार, मगर, राई, लिम्बू र सुनुवार जातिको पोशाकसँगै गहना लगाउन पाइने अर्का सञ्चालक सुब्बाले जानकारी दिए ।

नेपाली संस्कृति झल्काउँदै विभिन्न जातिको पोशाकसँगै गहनाको पर्यटनको माध्यमबाट प्रबर्द्धन गर्ने उद्देश्यले सञ्चालनमा ल्याइएको उक्त स्टलमा आगामी दिनमा नगरपालिकामा बसोबास गर्ने सबै जातिको पोशाक र गहना पनि राखिने सञ्चालक महतरा बताउँछन् ।

प्रति व्यक्ति एक सय रुपैयाँ शुल्क तिरेपछि पाइने पोशाक र गहना लगाउन पाउने अधिकतम् समय ३० मिनेट तोकिएको छ ।

**(बाँकी अन्तिम पृष्ठमा)**

BRITISH COUNCIL IELTS presents

14th ECAN virtual EDUCATIONAL FAIR

15 to 18 January 2021 (2-5 Magh 2077)

www.ecanfair.com

OPENING SESSION

Date: 15th January 2021 • Time: 9:15 am

Live streaming on: www.facebook.com/ecanpage

In Association with:

Ved International Education Consultancy · Orbit · GRACE International · SUCCESS Abroad Study · Nepcoms

Event Organized by: ECAN

Event Managed by: OneUp

**समाल रियल स्टेट प्रा.लि.**

**जग्गा खरिद बिक्री केन्द्र**

गोर्खा सुपर मार्केट छेउ, शनिश्चरे रोड, बिर्तामोड, झापा

**प्रबन्ध निर्देशक: राजु समाल** (L.B.) ०२३-५४३८७६, ९८०७९९९९००

**हार्दिक बधाई**



यस संस्थाको हालै सम्पन्न आठौं साधारणसभाबाट आगामी चार वर्षे कार्यकालको लागि सञ्चालक समितिको अध्यक्षमा **ताराप्रसाद नेपाल**, उपाध्यक्षमा **बिशाल क्षेत्री**, सचिवमा **दीपक तिम्सिना**, सहसचिवमा **रोहित थापा**, कोषाध्यक्षमा **टीकादेवी ढकाल** र सदस्यहरुमा **आलोक कार्की**, **कुसुम आचार्य** र **दीपा पोखरेल** निर्विरोध निर्वाचित र पदेन सदस्यमा **राधेश्याम शर्मा** मनोनित तथा लेखा समितिको संयोजकमा **इन्द्रकमल खनाल**, सदस्यद्वयमा **राजेश सुवेदी** र **सुजन पराजुली** निर्विरोध निर्वाचित हुनुभएकोमा कुशल तथा सफल कार्यकालको कामना गर्दै हार्दिक बधाई ज्ञापन गर्दछौं ।

**पिताम्बर कोइराला** — व्यवस्थापक

**बालकृष्ण दाहाल** — प्रबन्ध सञ्चालक

एवम् **समस्त कर्मचारी परिवार**

**अरुणोदय बचत तथा ऋण सहकारी संस्था लिमिटेड**, बिर्तामोड-५, झापा

**पायल्स तथा फिस्टुलाको उपचार**

पायल्स फिस्टुला, दिसाबाट रगत बग्ने, मासु पलाएको, घाउ भएको, बेर्नु झर्ने, पुरानो कब्जियत र दिसाघर चिलाउने जस्ता रोगहरुको विशेषज्ञ सेवा यही **माघ ९, र १०** काठमाडौंबाट आउनुहुने डाक्टरबाट उपचार हुँदैछ । बिरामीले सम्पर्क गरी स्वस्थ हुनुहोस् ।

**ॐ धनवन्तरी आयुर्वेद क्लिनिक**

बाणिज्य बैंक छेऊ, बिर्तामोड, झापा (फोन नं. ०२३-५४०५३०, ९८५२६७३१७३)

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक डाक्टरबाट OPD, पायल्स, फिसर, फिस्टुलाको क्षारसुत्र विधिद्वारा उपचार हाडजोर्नी, नशा, पारालाइसिस, मसाजद्वारा उपचार । **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

पूर्वाञ्चल

## सम्पादकीय

# दुर्घटना रोक्न सकिन्छ

**सडक सञ्जालको विस्तार भएसँगै दुर्घटनाको दर पनि बढ्दै गएको छ । अझ स्थानीय तहहरुमा सडक खोल्ने होड चलेपछि दुर्घटना झनै अनियन्त्रित हुँदै गइरहेको छ । जमिनको स्वरुप, भूगर्भको अध्ययन, निर्माण कार्यमा प्रयोग हुने उपकरण तथा त्यसको दूरगामी असरको अध्ययन, मूल्यांकन तथा विश्लेषण नगरी गरिने यस्ता कर्महरुले अनेक जोखिम निम्त्याउन थालेको छ । त्यसकै परिणाम हो कि प्रत्येक दिन सवारी दुर्घटना हुने क्रम बढेको छ र त्यसमा परी शारीरिक, मानसिक, आर्थिक तथा भौतिक क्षति बढ्दैछ । वैज्ञानिक अध्ययन, अनुसन्धान र विश्लेषण गरी सञ्चालन भएका सडकहरुमा भने ट्राफिक नियमको पालना नगर्ने कारणले दुर्घटना बढ्दै गएको सरोकारवालाको निष्कर्ष छ ।**

**सडक व्यवस्थापन तथा सुरक्षित यात्राको लागि जिम्मेवार इकाई ट्राफिक प्रहरी नै हो । झापामा त्यही इकाई अर्थात् जिल्ला ट्राफिक प्रहरी कार्यालय बिर्तामोडले सडक व्यवस्थापनको काम गर्दै आएको छ । उक्त कार्यालयका प्रमुख प्रहरी निरीक्षक प्रकाश जबेगूले शिक्षित मानिसले नै ट्राफिक नियमको पालना नगर्दा दुर्घटना बढ्दै गएको बताएका छन् । सवारी चालकले ट्राफिक नियमको उल्लंघन गर्ने गरेको र पैदलयात्रीले पनि सडकको जथाभावी प्रयोग गर्ने गरेकाले दुर्घटना न्यूनीकरण गर्न सकस भएको ट्राफिक प्रहरीको दुखेसो छ । त्यसो त दुर्घटनाको पूर्वानुमान गर्न सकिँदैन, तर थोरै पनि सचेतता अपनाउने हो र सडक प्रयोगकर्ताले संयमित, उत्तरदायीपूर्ण र नियमको पालना गर्ने हो भने यसलाई कम गर्न सकिन्छ ।**

**ट्राफिक प्रहरीले तीब्रगतिमा सवारी चलाउनु, ट्राफिक संकेतको पालना नगर्नु, जथाभावी पार्किङ गर्नु वा बिसाउनु, क्षमताभन्दा बढी यात्रु तथा भार बोक्नु, सडकको जीर्ण अवस्था जस्ता कारणले दुर्घटना रोक्न नसकिएको जनाएको छ । यो सँगै जाडोको मौसममा हुस्सु लाग्ने भएकाले सवारी दुर्घटना बढेको उसको भनाइ छ । झापामा मात्रै चालू आर्थिक वर्षको छ महिनामा दुई सय त्रिचालीस वटा सवारी दुर्घटना भए । त्यसमा परेर अड्तीस जनाले ज्यान गुमाएका छन् भने एक सय छैसट्ठी जना गम्भीर घाइते भएका छन् । ट्राफिक प्रहरीको तथ्यांक अनुसार ती मध्ये दुई सय उन्नाइस वटा मोटरसाइकल दुर्घटना हुन् । यो तथ्यांकले पनि सडकमा दुई पाङ्ग्रेको चाप अत्यधिक रहेको देखाउँछ । सवारी चालकले थोरै पनि ट्राफिक नियमप्रति सचेत रहने, मादक पदार्थ सेवन गरेर सवारी नचलाउने, अनुशासित रहने हो भने दुर्घटना न्यूनीकरण गर्न सहज हुने थियो । त्यसैगरी सडक व्यवस्थापन गर्ने नियकाले नियमित मर्मत–सम्भार गर्ने हो भने दुर्घटना रोक्न सकिने थियो । दुर्घटनाले हुनसक्ने क्षति कम गर्न सचेतनाका कार्यक्रमलाई तीव्रता दिँदै ट्राफिक जनशक्तिको उचित प्रबन्ध अहिलेको मुख्य आवश्यकता हो । यसो भए अकाल मृत्युको दरलाई कम गर्न र सुरक्षित जीवनको प्रत्याभूति गर्न सकिने थियो ।**

# सामुदायिक विद्यालयमा दिवाखाजा र यसको प्रभावकारिता



**पूर्णबहादुर कट्टुवाल**

विद्यार्थीलाई सिकाउने र टिकाउने उद्देश्यले नेपाल सरकारले सामुदायिक विद्यालयका कक्षा ५ सम्म अध्ययन गर्ने ७७ वटै जिल्लाका विद्यार्थीलाई दिवाखाजाको व्यवस्था गरेको छ। २०७७/०७८ को बजेटमा शुरुमा ४३ जिल्लाबाट शुरु गरिएको दिवाखाजा कार्यक्रमलाई मुलुकभर सबै सामुदायिक विद्यालयमा यसै वर्षदेखि पुऱ्याउने लक्ष्य राखिएको छ। यस कार्यक्रमबाट मुलुकका २८ लाख बालबालिका लाभान्वित हुने भएका छन्। यसका लागि सरकारले सात अर्ब ५२ करोड बजेट विनियोजन गरेको छ।

विश्व खाद्य कार्यक्रमको सहयोगमा शुरुमा नौ वटा जिल्ला र अनुदानमा आधारित खाजा कार्यक्रममा ३४ वटा जिल्ला गरी गत वर्षसम्म ४३ वटा जिल्लामा मात्र यो कार्यक्रम लागू थियो। यस वर्षदेखि यसलाई ७७ वटै जिल्लामा कक्षा ५ सम्म अध्ययन गर्ने सबै विद्यार्थीलाई न्यूनतम् एक सय ८० दिनसम्म खाजा कार्यक्रम व्यवस्थापन गरिएको छ। चालू शैक्षिक सत्र गत शैशाखदेखि नै शुरु हुनुपर्ने भए पनि कोभिड महामारीका कारण असोजदेखि मात्र विद्यालय खुलेका छन्। खाजा कार्यक्रमलाई सबै स्थानीय तहको व्यवस्थापनमा मंसीर र पुस महिनाबाट सञ्चालनमा ल्याइँदैछ।

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट गत वर्ष भदौ २५ गते सामुदायिक विद्यालयमा दिवाखाजा तथा मापदण्ड कार्यक्रम २०७६ स्वीकृत भएपछि यो व्यवस्थापन शुरु गरिएको थियो। विद्यालयका बालबालिकाका लागि दिवाखाजा स्वास्थ्य, शिक्षा, सामाजिक न्याय तथा समानताका पक्षबाट महत्वपूर्ण मानिन्छ। बालबालिकाको विद्यालयमा पोषणयुक्त खाजा खाने अवसरले स्वास्थ्य राम्रो हुने र सर्वपक्षीय मानवीय क्षमताको विकास हुने विश्वास गरिएको छ। विद्यालयमा पोषणयुक्त खानाको प्रबन्ध हुनसके बालबालिकामा कुपोषणबाट हुने पुड्कोपन, अल्प पोषण जस्ता समस्यामा कमी आउने र राष्ट्रिय स्तरमै स्वास्थ्य सूचकहरुमा उल्लेखित उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ। दिवाखाजा कार्यक्रमले विद्यार्थीको शैक्षिक उपलब्धिमा समेत उत्साहजनक रुपमा अभिवृद्धि हुन्छ। यस कार्यक्रमले भावी जीवनमा आर्थिक उपार्जनमा समेत उल्लेख्य प्रगति हुने विश्वास गर्न सकिन्छ।

पोषणयुक्त दिवाखाजामा गरिएको लगानीबाट बालबालिकाको जीवनमा चौतर्फी विकास हुने, विद्यालयमै उपलब्ध गराइने हुँदा सबै बालबालिकालाई समेटेर एउटै गुणस्तरको खानाको अवसर प्राप्त हुने र समावेशी पक्षमा समेत यसले महत्वपूर्ण योगदान दिन्छ भन्ने विश्वास गर्न सकिन्छ। नेपालको संविधान २०७२ मा अनिवार्य तथा निःशुल्क आधार शिक्षा, सबै नागरिकलाई खाद्य सम्प्रभुताको हक तथा नेपाल समाजवाद उन्मुख राज्य हुने मर्म र भावनालाई पनि दिवाखाजा कार्यक्रमले सम्बोधन गर्दछ। दिगो विकासक, गरिबी उन्मूलन, भोक उन्मूलन, सबैका लागि गुणस्तरीय शिक्षामा पहुँचको सुनिश्चितता जस्ता लक्ष्य प्राप्तिका प्रतिबद्धतालाई पूरा गर्न दिवाखाजा कार्यक्रम कोसेढुंगा सावित हुने अपेक्षा गर्न सकिन्छ।

शिक्षा ऐन, विद्यालय क्षेत्र विकास कार्यक्रम, योजनाको आधारपत्र, एकीकृत स्वास्थ्य रणनीति जस्ता नेपालका शिक्षा र स्वास्थ्य सम्बन्धी नीतिगत दस्तावेजले समेत यस विषयलाई उच्च महत्व दिएको छन्। पछिल्लो उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदनले समेत यस विषयलाई महत्वका साथ प्रस्तुत गरेको छ। दिवाखाजा कार्यक्रमको मूल जिम्मेवार निकाय स्थानीय तह हो। यसलाई कार्यान्वयन गर्ने प्रमुख भूमिकामा स्वयम् विद्यायल र विद्यालय व्यवस्थापन समित नै हुन्। यसका लागि नेपाल सरकारले स्थानीय सरकार, प्रदेश सरकार र सरोकारवाला निकायलाई कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन गर्न सहयोग तथा सहजीकरण गर्ने अभिप्रायले कार्यविधि समेत तयार गरी कार्यान्वयनमा ल्याइसकेको छ। यस कार्यक्रममा रहेका समस्या र चुनौति, यस कार्यक्रमको औचित्य र उद्देश्य, खाजाको गुणस्तर जस्ता पक्षमा विभिन्न निकायको जिम्मेवारी, कार्यक्रमको अनुगमन र मूल्याङ्कन जस्ता कुराहरुमा जिम्मेवार पक्षले महत्वपूर्ण भूमिका खेल्नुपर्ने हुनसक्छ।



सिकाइको लागि स्वस्थ शरीर आवश्यक पर्छ। भोकले सिकाईलाई नकारात्मक प्रभाव पार्छ। यी तथ्यलाई आत्मसात् गरी बालबालिकाको शैक्षिक सहभागिता र सिकाइ स्तर अभिवृद्धि गर्न र उनीहरूको स्वास्थ्य पनि दुरुस्त राख्न अहिले विश्वका विभिन्न मुलुकहरुले यो कार्यक्रमलाई सञ्चालनमा ल्याएका छन्। तत्कालीन रुपमा भाग बालिकाको भोक न्यूनीकरण गर्दै उनीहरूको पोषण तथा स्वास्थ्यस्थितिमा सुधार गरी शैक्षिक पहुँच, सहभागिता निरन्तर अभिवृद्धि गर्ने दीर्घकालीन लक्ष्य साथ नेपालमा विभिन्न ढाँचामा दिवा खाजा कार्यक्रम सञ्चालनमा ल्याइएको थियो।

नेपालको संविधानले आधारभूत तहसम्म शिक्षा अनिवार्य तथा निःशुल्क हुने र प्रत्येक नागरिकलाई खाद्य सुरक्षा समेत प्रत्याभूत गरेको छ। दिगो विकासका लक्ष्य गरिबी न्यूनीकरण, भोक उन्मूलन र सबैलाई गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित गर्न राष्ट्रिय प्रतिबद्धता व्यक्त गरिएको छ । आर्थिक रूपमा विपन्न मानव सूचांकमा पछि परेका समुदायका बालबालिकालाई विवाहको खाजासहित निःशुल्क शिक्षा सुनिश्चित गरिने व्यवस्था अनिवार्य तथा निःशुल्क शिक्षा ऐनले व्यवस्था गरेको छ। नेपाल सरकारको बार्षिक कार्यक्रम तथा बजेटले समेत दिवाखाजा कार्यक्रमलाई प्रत्याभूत गरेको छ। हाल नगद अनुदान सहयोग र खाद्य सामग्री आपूर्तिमा आधारित दुबै ढाँचाका कार्यक्रमलाई एकीकृत गरी थप व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक रहेको छ।

विगतमा भएका विभिन्न प्रयासका परिणाम स्वरूप नेपालले विद्यालय शिक्षाको क्षेत्रमा भर्ना, सहभागिता तथा लैङ्गिक समताका दृष्टिले उल्लेखित उपलब्धि हासिल गरेको छ, तथापि विद्यालयमा कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दर अझै पनि उच्च छ। धेरै विद्यार्थीले आधारभूत तह उत्तीर्ण गरेका हुँदैनन्। यस तहका विद्यार्थीको सिकाइ उपलब्धि स्तर पनि कमजोर रहेको छ। सबैका लागि गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित गर्न नसकेको स्थिति प्रष्ट हुन्छ। गुणस्तरीय शिक्षण सिकाइका लागि अनुकूल वातावरण सिर्जना गर्न थप प्रयास आवश्यक देखिन्छ। यसका लागि दिवाखाजा कार्यक्रम पनि एउटा गतिलो आधार हुने अनुमान गर्न सकिन्छ।

बालबालिकामा, कम तौल रक्त अल्पता जस्ता समस्या पोषणयुक्त खानाको कमीले हुने गरेको छ। ग्रामीण क्षेत्रका बालबालिकाको पोषण तथा स्वास्थ्य स्थिति अझ कमजोर रहेको देखिन्छ भने संक्रमण रोग कारण धेरै संख्यामा बालबालिकाहरु विद्यालयमा नियमित र निरन्तर हुन सक्दैनन्। विद्यालयमा सफा पिउने पानी, स्वास्थ्य सुविधा प्रभावले पनि अधिकांश बालबालिकाका लागि विद्यालय आकर्षण स्थल बन्न सकेको छैन। तसर्थ, विद्यालयमा पोषणयुक्त खाजा व्यवस्थाले बालबालिकाको आकर्षण स्थल बन्न सक्छन् विद्यालय। पोषण स्थितिमा सुधार गरी विद्यालयमा निरन्तरता र सिकाइ स्तर सुधार गर्ने उद्देश्यले शुरुवात गरिएको खाजा कार्यक्रम प्रभावकारी बनाउन सबै पक्षको अहम् भूमिका रहेको छ।

राज्यको महत्वपूर्ण कार्यको रूपमा विभिन्न जिल्लामा विगत पाँच वर्षदेखि सञ्चालनमा रहेको यो कार्यक्रम सञ्चालन र व्यवस्थापनका क्रममा विभिन्न समस्या तथा चुनौतिहरु पनि अनुभव गरिएका छन्। र, यी चुनौति पुनः आउन सक्छन् यसक लागि सम्बन्धित सरोकारवाला पक्ष अझ जिम्मेवार बन्नुपर्छ। तसर्थ, यस कार्यक्रम कार्यान्वयनमा स्थानीय तह, स्थानीय संघ-संस्था र समुदायसँग प्रोत्साहित गरी हुने पद्धति विकास गरी कार्यक्रमको दिगोपन विकास गर्नुपर्छ।

आधारभूत तहका बालबालिकाको भोक न्यूनीकरण पोषणयुक्त मुलुक तथा स्वास्थ्य स्थितिमा सुधार गरी शैक्षिक स्तर अभिवृद्धि गर्न दीर्घकालीन लक्ष्यमा पुग्न यस कार्यक्रम काम उद्देश्यहरुमा कम्तीमा ३० प्रतिशत पोषण पूर्ण हुने, विविधतामूलक खाना उपलब्ध गराएर विद्यालय बालबालिकाको स्वास्थ्य स्थिति सुधार गर्ने, शिक्षण सिकाईमा बालबालिकाको सहभागिता वृद्धि र सिकाई स्तर सुधार भरी गुणस्तरीय आधारभूत शिक्षामा समतामूलक पहुँच बढाउने र दिवाखाजामा स्थानीय कृषि उपजको उपभोग बढाएर विद्यालय र कृषि उत्पादनबीच सम्बन्ध स्थापित गरी कृषि प्रतिफल बढाउने र स्थानीय आर्थिक बजार बिस्तार गर्ने राष्ट्रिय लक्ष्यलाई समेत पूरा गर्न सबैको गहन जिम्मेवारी हुनुपर्छ।

सामुदायिक विद्यालयमा गरिएको खाजा कार्यक्रम विद्यालयसम्म आइपुग्दा झारो टार्ने काम मात्र गरियो भने यो विषय कुनै पनि मूल्यमा क्षम्य हुने छैन। बालबालिकाको भोकसँग जोडिएको विषयमा स्थानीय तह, विद्यालय वा सरोकारवाला कुनै पनि पक्षको चासो भ्रष्टाचारसँग गाँसिएको अवस्थामा समेत ठूलो सामाजिक अपराध र कलंकको विषय बन्नेछ भन्ने कुरा सोचिनुपर्छ।

# इक्यान शैक्षिक मेला
## विद्यार्थीका लागि सुनौलो अवसर



इक्यान शैक्षिक मेलाको १४औं संस्करण शुक्रबारबाट शुरू भएको छ । कोभिड–१९ को महामारीका कारण नेपाल शैक्षिक परामर्श संघ (इक्यान)ले यसपटक भर्चुअल एजुकेसन मेला आयोजना गरेको हो । सोमबार सकिने चार दिने मेलामा करिब एक लाख विद्यार्थी र अभिभावकले सहभागिता जनाउने आयोजकको अपेक्षा छ । मेला शुरू हुनुअघि नै करिब ३० हजार विद्यार्थी सहभागी हुनका लागि अनलाइन मार्फत दर्ता भइसकेका छन् । यसै सन्दर्भमा हामीले झापा अध्यक्ष **सुमन शर्मा जम्मरकट्टेल**सँग गरेरको कुराको प्रस्तुत सम्पादित अंश :

**इक्यान एजुकेशन मेला कस्तोखालको मेला हो ?**

- इक्यानले हरेक वर्ष विदेश अध्ययन गर्न चाहने विद्यार्थी र उनीहरूका अभिभावकलाई लक्षित गर्दै शैक्षिक मेला आयोजना गर्दै आएको छ। यसपटक भाइरसको महामारीका कारण भर्चुअल रूपमा मेला आयोजना गरिएको हो । यो मेलामा शिक्षाका धेरै विषयमा जानकारी पाइन्छ। यसलाई म विशुद्ध शैक्षिक मेला भन्न रुचाउँछु। विदेशमा अध्ययन गर्न जाने विद्यार्थीका लागि यो क्षेत्र खुल्ला र सुरक्षित रहेको सन्देश यो मेलाले दिनेछ।

**यो मेलामा विद्यार्थीले कसरी सहभागिता जनाउन सक्छन् ?**

- अत्यन्तै राम्रो प्रश्न गर्नुभएकोमा यहाँलाई धन्यवाद। प्राविधिक भरपुर प्रयोग गरेर यो मेला सञ्चालन भइरहेको छ। 'इक्यान फेयरमा लग इन' गरेर मेलामा सहभागी हुन सक्ने व्यवस्था गरिएको छ। त्यसमा प्रि-रजिस्ट्रेशन गर्न सकिने व्यवस्था पनि छ। रजिस्ट्रेसनपछि अन्तर्राष्ट्रिय विश्वविद्यालय तथा कलेजहरू, मेलामा सहभागी संस्था, शैक्षिक कन्सल्टेन्सी, बैंक लगायतसँग विद्यार्थी, अभिभावकले सीधा सर्म्पक गरेर संवाद गर्न सक्नेछन्। 'विद्यार्थीले आफूले रोजेको देशको शिक्षण संस्था, शैक्षिक कन्सल्टेन्सी र बैंकका प्रतिनिधिसँग विविध जिज्ञासा राखेर जानकारी प्राप्त गर्न पाउनेछन्। विद्यार्थीलाई विदेशी शिक्षण संस्था, नेपालस्थित शैक्षिक परामर्शदाता र विभिन्न बैंकका प्रतिनिधिले काउन्सिलिङ गर्ने छन्। झापासहित पूर्वका विद्यार्थीको यो मेलामा उत्साहजनक सहभागिता रहेको छ।

**यसका फाइदा के–के हुन् ?**

- भर्चुअल मेला शुक्रबारदेखि सोमबारसम्म बिहान १० बजेदेखि साँझ ५ बजेसम्म सञ्चालन हुनेछ। यसमा विद्यार्थीले आफूले चाहेको अन्तर्राष्ट्रिय विश्वविद्यालय तथा कलेजहरूका विषयमा जानकारी लिन सक्ने छन्। जसले शैक्षिक क्षेत्रमा अलमलमा परिरहेका विद्यार्थीहरुलाई सही मार्ग निर्देश गर्नेछ। यो मेलाबाट विद्यर्थी तथा अभिभावकले आफ्नो स्पष्ट धारणा बनाएर अघि बढ्न मद्दत गर्नेछ।

**इक्यान एजुकेशन मेलाको उद्देश्य के हो ?**

- कोभिडपछि पनि नेपाली विद्यार्थीको विदेशप्रतिको आकर्षण घटेको छैन्। अन्तर्राष्ट्रिय क्षेत्रमा विद्यार्थीको गतिविधि क्रमशः झनै बढ्ने भएकाले यो मेला मार्फत विद्यार्थीलाई शैक्षिक गतिविधिको जानकारी दिने हाम्रो उद्देश्य हो। विद्यार्थीले कोभिडपछि पनि विदेशको शिक्षा रोजिरहेका छन्। त्यस्ता विद्यार्थीलाई सहज र सरल होस् भनेर मेलामा अधिक जानकारी दिने व्यवस्था मिलाएका छौं। अहिले विदेशी विश्वविद्यालय र कलेजहरूमा छात्रवृत्ति र सेवासुविधाका प्याकेजहरू झनै बढेको र उक्त अवसर नेपाली विद्यार्थीले पनि पाँउन भन्ने हाम्रो चहाना हो।

**झापासहित पूर्वका विद्यार्थीलाई के भन्न चाहनुहुन्छ ?**

- विदेश पढ्न जाने सोच बनाइरहेका विद्यार्थीलाई लक्षित गरेर यो मेलाको आयोजना गरिएको हो। म झापासहित पूर्वका सम्पूर्ण विद्यार्थीलाई कुनै पनि अलमलमा नपरी यो मेलामा सहभागिता जनाउन आग्रह गर्दछु। मेलामा सहभागी बैंकहरूले विद्यार्थीलाई अध्ययन लगायत वैदेशिक शिक्षाका लागि लागत र रकम पठाउने माध्यमबारे जानकारी दिने व्यवस्था समेत गरिएको छ। विद्यार्थी र अभिभावकलाई वैदेशिक शिक्षाबारे सही परामर्श र सूचना दिने बाहेक अन्य उद्देश्य इक्यानको छैन्।

विदेश पढ्न जान चाहने विद्यार्थी र पठाउन चाहने अभिभावक कोरोनाले अलमलमा हुनुहुन्छ, भने 'परामर्श क्षेत्र खुल्ला छ, विदेश पढ्न जाने र फर्कने क्रम चलि नै रहेको छ, यही कुरा प्रस्टसँग मेलामा राख्छौं।' विदेशमा अध्ययन गरिरहेका विद्याथीलाई कोभिडपछि विभिन्न सहायता र सहजरूपमा बैंकबाट ऋण समेत उपलब्ध भएको छ। एकपटक मेलामा सहभागिता जनाउन म सबैसँग आग्रह गर्दछु। यदि कसैलाई दुविधा भएमा इक्यान झापामा आवद्ध कसल्टेन्सी मार्फत यहाँले सबै जानकारी पाउन सक्नु हुनेछ। मेलाले कन्सल्टेन्सी, विद्यार्थी र अभिभावकमा विश्वासको वातावरण झनै बढ्ने र व्यवसाय प्रवर्द्धनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

**अन्त्यमा के भन्नुहुन्छ ?**

- अन्त्यमा विद्यार्थीको चाहनालाई नै ध्यानमा दिएर सम्बन्धित मुलुकको शिक्षा प्रणाली, त्यहाँ जान पूरा गर्नुपर्ने प्रक्रियाहरू आदान-प्रदान गरिने उद्देश्यले मेलाको आयोजना गरिएको हो। मौकाको फाइदा उठाउन सबैसँग आग्रह गदर्छु। इक्यानमा चार सय ७३ वटा परामर्शदाता संस्थाहरू आबद्ध छन्। भरपर्दो र विश्वासिलो जानकारी लिनका लागि इक्यानमा आवद्ध शैक्षिक परामर्शदातासँग सर्म्पक राख्न विद्यार्थी तथा अभिभावकमा अनुरोध गदर्छु।

कोरोनापछि विभिन्न देशले विदेशी विद्यार्थीलाई पठनपाठन गराउने नीति हेरफेर गरेकाले पनि मेलामार्फत सही र स्पष्ट जानकारी प्राप्त गर्न सकिने छ। सम्बन्धित देश, शिक्षण संस्था कोर्ष, भिसा प्रणाली लगायत अन्य सेवासुविधा र प्रक्रियाबारे जानकारी पाउन विद्यार्थीलाई मेलामा सहभागी हुन आग्रह गर्दछु।

यौटा सृष्टि विधान रचेर किन हो, जाँदा यहाँ कष्ट भो । रोजी फूल थियो झऱ्यो नियतीले, संहार भो नष्ट भो ।।
हामीलाई दिएर मार्ग पथको, यात्रा सिकाई दियौ । हामीबाट कसोरी झट्ट अहिले, विदा नमागी गयौ ।।

# भावपूर्ण श्रद्धाञ्जलि/कृतज्ञता/निमन्त्रणा



**जन्म**
**१९९१ कात्तिक १५**

**स्वर्गारोहण**
**२०७७ पुस २३**

## स्व. डम्मरुबल्लभ प्याकुरेल

झापा दमक-८ निवासी हाम्रा स्वामी तथा पिता **डम्मरुबल्लभ प्याकुरेल (हरि प्रपन्न)ज्यू** को मितिः २०७७ पुस २३ गते भएको असामयिक निधनले हाम्रो परिवार अत्यन्तै मर्माहत भएको छ । यस दुःखद् घडीमा स्वयम् उपस्थित भएर तथा विभिन्न माध्यमबाट उहाँको आत्माको चिर शान्तिको कामना तथा हाम्रो परिवारजन प्रति गहिरो समवेदना व्यक्त गरेर शोकलाई शक्तिमा परिणत गर्न गर्नुभएको कामना प्रति प्याकुरेल परिवार सबै प्रति आभार व्यक्त गर्दछ ।

मिति २०७७ माघ ६ गते मंगलबार सम्पन्न गरिने १३औं पुण्य तिथि तथा भोलिपल्टदेखि ३ दिन (७, ८ र ९ गते) सम्म हुने बैकुण्ठ उत्सवमा सहभागी भई उहाँको आत्माको बैकुण्ठबासको सामुहिक कामना गर्न तथा प्रसाद ग्रहण गर्न सबै मलामीजनहरू, आफन्त, नातागोता, इष्टमित्र, धर्मानुरागी महात्माज्युहरूमा सादर अनुरोध गर्दछौं ।

**स्थानः निजी निवास, दमक- ८ (एभरेष्ट बोर्डिङ हाइस्कूलको होस्टल), झापा**

पत्नी : **हेमन्तादेवी प्याकुरेल**

छोरा-बुहारी :
**गोविन्द- शशि प्याकुरेल**
**गोपाल- शान्ता प्याकुरेल**
**कमल- कृष्णा प्याकुरेल**
**कोषराज- इन्दिरा प्याकुरेल**
**राजन- वेदी प्याकुरेल**

छोरी-ज्वाइँ :
**बिमला-डा. किशोर पोखेल**

नाति-नातिनी बुहारी :
**सन्देश-रचना**

**एवम्**

नाति-नातिनी :
**एमी, एड्गस, शेली, एन्जल, एन्जेलिना, एलेक्स, डिस्नि, रामानुज, रोजी, कृषि तथा रुवेन**

## समस्त प्याकुरेल परिवार

**दमक-८, झापा**



**ज्यो. मधुसूदन रिजाल**
**(स्वर्णपदक विजेता)**
**वैदिक ज्योतिष परामर्श केन्द्र**
**शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)**

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** प्रयत्न गर्दा राम्रो उपलब्धि हातलागी हुनेछ । रोकिएको काम बन्नेछ भने जिम्मेवारी बढ्न सक्छ । विशेष भेटघाटले काममा उत्साह बढाउला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** अरूलाई प्रभावित पारेर फाइदा उठाउने समय छ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । सामाजिक दायित्व हातलागी हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ । व्यापारमा प्रशस्त फाइदा हुनेछ । कामको चुनौति र अलमलले मन खिन्न रहनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** प्रयत्न गर्दा केही काम बन्नेछन् । आफूभन्दा अरूलाई फाइदा हुने काममा जुट्नुपर्ला । श्रमपूर्वक समर्पित हुँदा पनि कामको मूल्य नपाइने स्थिति देखिन्छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** अस्वस्थताका बाबजुद जिम्मेवारी थपिने छन् । अप्ठ्यारो परिस्थितिमा पनि केही काम बन्नेछन् । अरुको साथ सहयोग मिल्ला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्दा फाइदा हुनेछ । गोप्य रहस्य पत्ता लगाउन सकिनेछ । शुभचिन्तकहरूले साथ दिनेछन् ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** आश मारेको फल पुनः प्राप्त हुन सक्छ । तर, सानातिना काम र घरेलु समस्यामा अल्झनुपर्ला । केही चुनौति सामना गर्नुपर्ला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** स्वास्थ्यमा अलि कमजोरी अनुभूति हुनेछ । खानपानमा ध्यान दिँदा राम्रो होला । व्यापार व्यवसायमा मनग्गे फाईदा होला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** रमाइलो यात्रा गर्ने अवसर जुर्नेछ । विभिन्न सहयोग र उपहार पाइनेछ । सुख-दुःखमा साथ दिनेहरू प्रशस्तै भेटिनेछन् ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** आफन्तको साथले नयाँ आशा जगाउनेछ । कामको चापबाट फुर्सद पाइनेछ । प्रेम र मित्रताको बन्धन कसिने समय छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** भौतिक साधन जुटाउन सकिनेछ । आयआर्जन पनि राम्रै हुनेछ । अतिथिका रूपमा सम्मान प्राप्त होला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** धार्मिक एवम् सामाजिक कार्य गराउने समयको प्रभाव देखिएको छ । पर्यटन व्यवसायमा फाइदा रहला ।